# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २८ गते २०२५ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

भन्सार ऐन, २०१९ (संशोधन सहित) को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न लेखिए बमोजिमको जिल्ला निर्माण कार्यको लागि निम्न लेखिए बमोजिमको स्थानीय पञ्चायतले देहाए बमोजिमको माल-सामान भारतबाट पैठारी गरेमा सोमा लाग्ने भन्सार महसूल पूर्ण रूपमा नलिने गरी छूट दिएको छ ।

१. लुम्बिनी अञ्चलको गुल्मी जिल्ला अन्तर्गत चन्द्रकोट बाटाका चौर गाउं पंचायतमा पर्ने हुग्दी खोलामा जिल्ला पंचायतबाट बन्नलागेको झोलुङ्गे पुल निर्माण गर्न पैठारी गरिने उक्त झोलुङ्गे पुल सम्बन्धित मालसामान ।

२. कोशी अञ्चलको संखुवासभा जिल्ला अन्तर्गत ईमा बितलब गाउं पंचायतमा पर्ने १२ बिसे बजार छेउ समाय खोलामा जिल्ला पंचायतबाट बन्नलागेको झोलुङ्गे पुल निर्माण गर्न पैठारी गरिने झोलुङ्गे पुल सम्बन्धित सामान ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९२९

३. सगरमाथा अञ्चलको खोटाँग जिल्ला अन्तर्गत मार्तिर लुफयाङ्ग ग्राम पञ्चायतमा पर्ने स्वामस खोलामा जिल्ला पञ्चायतबाट बन्न लागेको झोलुङ्गे पुल निर्माण गर्न पैठारी गरिने झोलुंगे पुल सम्बन्धित मालसामान ।

४. सगरमाथा अञ्चलको खोटाँग जिल्ला अन्तर्गत चिसापानी ग्राम पंचायतबाट चिसापानीमा खाने पानी ल्याउने कामलाई पैठारी गरी ल्याउने धाराको मालसामान ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।